# नेपालगञ्ज राजपत्र

खण्ड–(३) नेपालगञ्ज, चैत्र ०४ गते २०७६ साल
संख्या–३४

## नेपालगञ्ज उप–महानगरपालिकाको
## शिक्षा ऐन २०७६

# नेपालगञ्ज उप-महानगरपालिका
# शिक्षा ऐन २०७६

**प्रस्तावना :**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्रको स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची न. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम नेपालगञ्ज उप-महानगरपालिका छैटौं नगर सभाले यो ऐन बनाएको छ।"

## परिच्छेद - एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनको नाम "स्थानीय शिक्षा ऐन, २०७६" रहेको छ।

(ख) यो ऐन नेपालगञ्ज उप-महानगरपालिका भरि लागु हुनेछ।

(ग) यो ऐन नगर सभाबाट पारित भए पश्चात लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ***"ऐन"*** भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको स्थानीय शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ख) ***"कार्यपालिका"*** भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) ***"कोष"*** भन्नाले दफा ४० वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ।

(घ) ***"उप-महानगरपालिका"*** भन्नाले नेपालगञ्ज उप-महानगरपालिकालाइ सम्झनुपर्छ।

(ङ) ***"नगरसभा"*** भन्नाले नेपालगञ्ज उप-महानगरपालिको नगर सभालाई सम्झनुपर्छ।

(च) ***"प्रमुख प्रशासकीय अधिकृत"*** भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) **"वाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पुरा भई पाँच वर्ष उमेर पुरा नगरेका वालवालिकाको लागि खोलिएको प्रारम्भिक वाल शिक्षा केन्द्र, नर्सरी, किन्डरगार्टेन, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ज) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक वाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ट) **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौं देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ड) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमत रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ढ) **"व्यवस्थापन समिति"** भन्नाले दफा १९ र ३८ वमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ण) **"नगर शिक्षा अधिकृत"** भन्नाले नेपालगञ्ज उप-महानगरपालिको शिक्षा, युवा तथा खेलकुद महाशाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(त) **"शिक्षा युवा तथा खेलकुद महाशाखा"** भन्नाले नेपालगञ्ज उप-महानगरपालिका शिक्षा युवा तथा खेलकुद महाशाखालाई सम्झनु पर्छ ।

(थ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(द) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ध) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(न) **"तोकिएको वा तोकिए वमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्छ ।

(प) **"आधारभूत शिक्षा उत्तीर्ण परीक्षा"** भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(फ) **"अनुमति"** भन्नाले नेपाल सरकार वा उप-महानगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाँउछ ।

(ब) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ ।

(भ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपांगता भएका वालवालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(म) **"धार्मिक विद्यालय भन्नाले"** मदरसा गुम्वा तथा गुरुकुल जस्ता परम्परागत धार्मिक विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद-दुई

शिक्षाको प्रकार, विद्यालयको वर्गिकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालय शिक्षाको तह :** विद्यालय शिक्षाको तह २ प्रकारका हुनेछन ।

(क) माध्यमिक तहः कक्षा १२ सम्म अध्ययन अध्यापन हुने ।

(ख) आधारभूत तहः कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधार भूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र वाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहने छन ।

**४. माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन ।

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यामिक शिक्षा ।

**५. शिक्षाको माध्यम :**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा वा अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय वमोजिम हुन सक्नेछ।

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(उप-महानगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्थापन गर्न सकिनेछ ।

**७. विद्यालयको वगीकरण :** विद्यालयहरुको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिने छ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

**८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागिरकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शिक्षा युवा तथा खेलकुद महाशाखामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा नगर शिक्षा समितिको सिफारिसमा शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुखले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछन ।

(४) उपदफा (३) वमोजिम निवेदन परेमा शिक्षा युवा तथा खेलकुद महाशाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्नेछ र माग वमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा पुनः शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुखले अनुमति तथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि-एस.इ.इ) सञ्चालन लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य नगर शिक्षा समितिले गर्नुपर्नेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय ।

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय वमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए वमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा उप-महानगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा शिक्षा युवा तथा खेलकुद महाशाखा समक्ष आवेदन दिनु पर्नेछ । उप-महानगरपालिकाबाट सोको स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सकिन्छ ।

(९) उपदफा (८) वमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था नगर शिक्षा समितिले तोके वमोजिम हुनेछन ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(११) यस अघि दर्ता भएका विद्यालय सम्बन्धित व्यवस्था :- (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम सञ्चालन भएका मानिनेछन । तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा युवा तथा खेलकुद महाशाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नुपर्नेछ ।

९. **धरौटी राख्नुपर्ने :-** संस्थागत र गुठी विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको संरक्षण बापत देहाय वमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछ ।

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रुपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रुपैयाँ,

(ग) प्राथामिक विद्यालयको लागि एक लाख पचास हजार रुपैयाँ तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा भौगोलिक विषमता भएका क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुटदिन सक्नेछ ।

**१०. धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले दफा ९ वमोजिमको धरौटी बापतको रकम विद्यालयको नाममा प्रधानाध्यापक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने धरौटी खाता खोली जम्मा गर्नुपर्नेछ ।

**११.** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र सहिद प्रतिष्ठानद्धारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर समेत यसै ऐन बमोजिम हुनुपर्नेछ ।

**१२.** उप-महानगरपालिकाका सवै विद्यालयमा वाल विकास केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सकिनेछ ।

**१३. वाल गृहको संचालन :-** उप-महानगरपालिकाले आफैले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न पाउनेछ । वाल गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया तोकिए वमोजिम हुनेछ ।

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :-** उप-महानगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए वमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन गर्न सकिनेछ ।

**१५. उप-महानगरपालिका विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :-**

(१) उप-महानगरपालिकाले तोकिएको मापदण्ड वमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दूरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । प्राथमिक तहको विद्यालयमा कुल २५ जना भन्दा कम विद्यार्थी भएमा नगर शिक्षा समितिको सिफारिसमा वाल शिक्षा केन्द्रमात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समिति मार्फत नगर कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नाम परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्धेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।- (पचास लाख रुपैया), आधारभूत तहको हकमा कम्तिमा ३०,००,००० ।- (तीस लाख रुपैया) प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न सकिनेछ ।

## परिच्छेद : ३

### शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. नगर शिक्षा समिति सम्बन्धी व्यवस्था :**

(१) नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय वमोजिमको नगर शिक्षा समिति रहनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगर कार्यपालिकाका सदस्य मध्ये नगर कार्यपालिकाबाट मनोनित कम्तिमा १ जना महिला सदस्य सहित २ जना -सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट नगर शिक्षा समितिबाट मनोनित एक जना प्रधानध्यापक -सदस्य

(च) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्थाको अध्यक्ष मध्ये नगर शिक्षा समितिबाट मनोनित एक जना - सदस्य

(छ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येवाट नगर शिक्षा समितिबाट मनोनित एक जना - सदस्य

(ज) समजसेवी, शिक्षाप्रेमी, वा चन्दादाताहरु मध्येबाट नगर शिक्षा समितिबाट लक्षित वर्ग समेत पर्ने गरी मनोनित दुई जना -सदस्य

(झ) धार्मिक विद्यालयका प्र.अ. मध्येवाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ण) नगर शिक्षक महासंघका अध्यक्ष -सदस्य

(ट) शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको बैठक सञ्चालन प्रक्रिया, बैंठक भत्ता तथा सेवा सुविधा समिति आफैले निर्धारण गर्नेछ ।

(३) मनोनित सदस्यको पदावधि ३ तीन बर्षको हुनेछ । सदस्यले पदीय आचरण पूरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सकिनेछ । तर त्यसरी हटाउन अघि मनासिब माफिकको मौकावाट वञ्चित गरिने छैन ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) नगर क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी उप-महानगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) उप-महानगरपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरु तथा संस्थागत विद्यालयका शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङकन गर्ने ।

(झ) शैक्षिक गुठीसँग सम्झौता गर्न सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ञ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत दिने ।

(ट) विशेषज्ञहरुको छनोट गरेर सूची प्रकाशन गर्ने ।

(ठ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ड) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने नीति तर्जूमा गरी उप-महानगरपालिका समक्ष पेश गर्ने ।

(ढ) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जूमा गर्ने ।

(ण) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(त) विद्यालय बाहिर रहेका वालवालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने

(द) शिक्षक तालिमको नीति तर्जुमा गरी लागु गर्ने ।

(ध) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सभ्काव तथा परामर्श दिने ।

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङकहरु राख्ने ।

(प) शिक्षामा सबै वालवालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

(फ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**१७. नगर शिक्षा अधिकृत :** उप-महानगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना नगर शिक्षा अधिकृत रहने छन । निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

(१) नगर स्तरीय शिक्षा योजना तर्जूमा गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(२) उप-महानगपालिकाका शैक्षिक विकासका लागि परित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने गराउने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

(४) उप-महानगरपालिका तथाा प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङकन गर्ने ।

(६) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।

(७) प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्य गर्ने ।

## १८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्था :-

(१) वडा स्तरमा देहाय वमोजिमको वडा शिक्षा समिति गठन गरिनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष ——→ संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना ——→ सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक जना ——→ सदस्य

(घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना ——→ सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना ——→ सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव ——→सदस्य सचिव

(छ) मनोनित सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) आफ्नो वडाको शैक्षिक अभिवृद्धिका लागि योजना तर्जुमा र समन्वय गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(घ) नगर शिक्षा समितिले तोके वमोजिम अन्य कार्य गर्ने ।

(ङ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(च) विद्यालयको समग्र विकासका लागि आवश्यक बजेट तथा कार्यक्रम विनियोजन र तर्जुमा गर्ने ।

(छ) विद्यालयलाई आवश्यक पर्ने स्रोत र साधनको खोजी गरि व्यवस्था गर्ने ।

## १९. विद्यालय व्यवस्थापन समिति :-

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावक वा सरक्षकहरुको भेलाबाट आफुहरु मध्येबाट छानि पठाएका कम्तीमा २ जना महिला सहित ४ जना - सदस्य

(ख) विद्यालयका संस्थापक, बुद्धिजिवी, शिक्षा प्रेमी तथा चन्दादाताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेका २ जना - सदस्य

(ग) विद्यालय रहेको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य वा नगर कार्यपालिका सदस्य १ जना - सदस्य

(घ) शिक्षकहरु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(च) विद्यालयका वालक्लवबाट एक जना छात्र र एक जना छात्रालाई बैठकमा आमन्त्रण गर्न सकिने छ ।

(२) विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि माथि (क) र (ख) वमोजिमको सदस्य मध्येबाट वडा समितिले छानेको व्यक्ति अध्यक्ष हुनेछ । वि व्य स अध्यक्ष बन्नका लागि आधारभूत तहका लागि कक्षा ८ उत्तीर्ण र मा.वि तहका लागि कक्षा १२ उत्तीर्ण हुनु पर्नेछ । सो योग्यता नपाइएमा सो भन्दा एक तह तल्लो योग्यता भएको सदस्यलाई अध्यक्ष छनोट गर्न सकिनेछ ।

(३) व्यवस्थापन समिति अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसार आचरण नगरेको देखिएमा वडा शिक्षा समितिले निजलाई जुनसकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(५) यो ऐन लागु भए पछि पूर्व गठित व्यवस्थापन समितिको अवधि समाप्त भएको छ भने स्वतः विघटन भएको मानिनेछ । सो भन्दा ६ महिना पहिले वडा समितिको सहभागिता र समन्वय विना गठन भएको विद्यालय व्यवस्थापन समितिलाई वडा समितिले विघटन गरि नयाँ वि व्य स गठन गर्न सक्नेछ ।

(६) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लागत राख्न लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा कार्यालय तथा नगरपालिकालाई दिने ।

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(च) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा नगरपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने ।

(छ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने ।

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

(झ) तोकिए वमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका तथा नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ञ) प्रचलित कानून र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाही गर्ने र सो को जानकारी सम्वन्धित वडा समितिमा दिने र आफुलाई कारवाहीको अधिकार नभएमा सम्वन्धित वडा समितिमा कारवाहिको लागि सिफारिस गरि पठाउने ।

(ट) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ठ) तोकिए वमोजिम अन्य कार्य गर्ने ।

(६) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

**२०. शिक्षक अभिभावक संघ :-** सबै विद्यालयहरुमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक सघं रहनेछ । यस सम्बन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

# परिच्छेद - ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**२१. उप-महानगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने :-**

(१) उप-महानगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गर्नेछ ।

(२) उप-महानगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड वमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी शिक्षा युवा तथा खेलकुद महाशाखाले राख्नु पर्नेछ ।

(४) शिक्षक दरबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

**२२. शिक्षक सेवा शर्त, योग्यता र समक्षमता :-** शिक्षकको सेवा शर्त, योग्यता र समक्षमता तोकिए वमोजिम हुनेछ ।

**२३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :-**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कारबाहीका लागि उप-महानगरपालिकामा सिफारिस गर्नेछः-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ।

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग अदालतबाट सजाय पाएमा ।

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा ।

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्य समितिमा रहेको पाइएमा ।

(च) निजले अध्यापन गरेको विषयमा ३ वर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा (GPA १.६ भन्दा कम)

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा निजलाई पदबाट हटाउन सक्केछ। तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ।

## परिच्छेद - ५

### शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२४.** शिक्षकको नियुक्ति (१) विद्यालयमा कायम भएको रिक्त दरवन्दीको शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्बन्धित विद्यालयको वि.व्य.स.को अध्यक्ष वा निजले तोकेको सदस्य मध्येबाट एक जना -सदस्य

(ग) महाशाखा प्रमुखले तोकेको शाखा अधिकृत -सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद महाशाखाले तोकेको विषय विज्ञ १ जना- -सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

**२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :-**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापक नियुक्ति व्यवस्था देहाय वमोजिम हुनेछ :-

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी शिक्षक हुनुपर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी शिक्षक हुनुपर्नेछ। सो नभएमा स्नातक योग्यता प्राप्त स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा वडा शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(घ) प्रधानाध्यापकको अवधि ५ वर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा वहाल रहन पाउनेछ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा वि व्य स को सिफारिसमा वडा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

**२६. शिक्षकको सरुवा :-**

(१) सामान्यतया स्थायी भएको एक बर्ष नपुगि शिक्षकको सरुवा गरिने छैन । नि. मा. वि. तथा मा. वि. को हकमा विद्यालयको विषय मिलाएर मात्र सरुवा गरिने छ ।

(२) कुनै विद्यालयमा अध्यापनरत स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा दुवै विद्यालय व्यवस्थापन समितिको सहमती सहित महाशाखामा निवेदन दिन सक्नेछन । यसरी प्राप्त निवेदनका आधारमा महाशाखा प्रमुखले सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सूरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, निजको अन्य विद्यालयलाई आवश्यकता भएमा, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयलाई आवश्यक शिक्षकको अनुपात दरवन्दी र सरुवाका विषयमा नगर शिक्षा समितिले आवश्यक ठानेमा निर्णय गरेर नगर कार्यपालिकामा पेश गर्न सक्नेछ ।

**२७. दरवन्दी मिलान :**

(१) नगर शिक्षा समितले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा दरवन्दी मिलान गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

(३) दरवन्दी मिलान सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ । तत्काल दरवन्दी मिलान गर्नु पर्ने भएमा नगर शिक्षा समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

**२८. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था :-** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको संघीय कानून वमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन ।

**२९. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा पुग्नेछैन ।

**३०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :-** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) शैक्षिक सत्रको सुरुमा शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुखले प्रधानाध्यापकसँग तथा वि व्य स अध्यक्षको रोहवरमा प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङकन प्रतिवेदन शैक्षिक सत्र समाप्त भएको १५ दिन भित्र प्रधानाध्यापकले महाशाखा प्रमुख समक्ष र महाशाखा प्रमुखले शैक्षिक सत्रको अन्त्यमा नगर शिक्षा समिति समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर शिक्षा समितिले तयार गर्नुपर्नेछ ।

**३१. कार्य सम्पादन मूल्याङकन, सजाय र पुरस्कार**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङकन गरी कार्यसम्पादनमा राम्रो नतिजा

हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारी दण्डित गर्नुपर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय तोके वमोजिम हुनेछ ।

# परिच्छेद - ६

सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

## ३२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, वालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनुपर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए वमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनुपर्ने छ ।

(४) सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, आईसिटि कनेक्टिभिटि तथा शैक्षिक सामाग्रीको व्यवस्थापन अनिवार्य गर्ने ।

## ३३. विद्यालयको सम्पत्ति

(१) सामुदायिक विद्यालयको भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस हक ऐन वमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति उप -महानगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा बेच-विखन गरी प्राप्त भएको रकम सम्बन्धित नगर शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वामित्व परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि उप-महानगरपालिका पूर्व अनुमति लिनुपर्नेछ ।

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन :-**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा उप-महानगरपालिकाले भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य उप-महानगरपालिकाको रहने छ ।

**३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :-**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङक वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्यपुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्नेछ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्वध्ययन सामाग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक कियाकलाप :-** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कियाकलापहरु वालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियाजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी कियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद - ७

### संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

**३७.** संस्थागन विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समिति :-**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लगि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) सँस्थागत विद्यालयले सञ्चालकहरु बाट सिफारिस गरेका ३ जना मध्येबाट नगर शिक्षा समितिबाट मनोनित -अध्यक्ष

(ख) अभिभावक मध्येबाट व्यवस्थापन समितिले छानेको कम्तीमा एक महिला सहित दूई जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक -सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद महाशाखाले तोकेको अधिकृत-सदस्य

(ङ) विद्यालका शिक्षकहरुले आफुहरु मध्येबाट छानि पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) नेपाल सरकार र नगरपालिकाले तोके वमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

(घ) प्रचलित कानून वमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीलाई न्यूनतम तलब, सेवा सुविधा उपलब्ध गराउने,

(च) अनुशासनहिन शिक्षक कर्मचारी उपर कारबाही गर्ने ।

(छ) कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त उप-महानगरपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नीति, नियम तथा निर्देशनहरुको पालना गर्ने ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :-**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए वमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित, जनजाति मधेशी मुस्लिम विद्यार्थीहरुलाई विद्यार्थी बसोबास रहेको वडा समितिको सिफारिसमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समितिको कार्यालय र शिक्षा युवा तथा खेलकुद महाशाखा समक्ष अनिवार्य बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रियाहरु नगर शिक्षा समितिले निर्धारण गरे वमोजिम हुनेछन ।

**४१.** शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड नगर शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र विद्यालयको न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**४२.** अनुगमन तथा मूल्याङकन संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको दायित्व हुनेछ ।

४३. **अनुमति वा स्वीकृति रद्द गर्ने :-** कुनै संस्थागत विद्यालयले कानून र नियम विपरित कुनै काम गरेमा उप-महानगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकावाट बञ्चित गरिने छैन ।

## परिच्छेद : ८

### परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४४. **गुणस्तर मापन :** (१) उप-महानगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा कक्षा ३ ५ र ८ को गुणस्तर मापनको जिम्मा उप-महानगरपालिकाको हुनेछ ।

(२) गुणस्तर मापनको प्रकृया तोकिए वमोजिम हुनेछ ।

(३) आधारभूत तह कक्षा ८ को अन्तमा हुने परीक्षा सञ्चालन गर्न आधारभूत तहको परीक्षा सन्चालन तथा व्यवस्थापन कार्यविधिको व्यवस्था बमोजिम हुनेछ ।

(४) कक्षा ८ वाहेकको कक्षाहरुको परीक्षा सम्बन्धी व्यवस्था विद्यालयहरु आफै निर्धारण गरे वमोजिम हुनेछ ।

(५) विद्यालयहरुले त्रैमासिक अर्धबार्षिक र बार्षिक गरि तीन पटक परीक्षा सन्चालन गर्नु पर्नेछ ।

## परिच्छेद : ९

### विद्यालयलयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,

४५. **विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतबाट प्राप्त रकम कोषमा दाखिल हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शूल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम

४६. **अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा उप-महानगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको

शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए वमोजिम कटौती गर्न सकिनेछ ।

(२) विद्यालयहरुलाई प्राप्त अनुदान मध्ये सशर्त अनुदान सम्वन्धित शीर्षकमा र अन्य अनुदान वि व्य स को निर्णयानुसार खर्च गर्नुपर्नेछ।

**४७. बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र मसान्त भित्र आगामी वर्षको वजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति वडा समिति र एक प्रति नगर शिक्षा समितिमा पठाउनु पर्नेछ ।

**४८. लेखा व्यवस्थापन :-**

(१) सबै विद्यालहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**४९. सामुदायिक विद्यालयको खाता सञ्चालन**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**५०. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्रार लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(३) सबै विद्यालयहरुले आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धी, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठ पोषण दिनुपर्नेछ ।

**५१. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :-** उप-महानगरपालिकाले विद्यालयमा भर्ना हुने आर्थिक रुपले विपन्न लक्षित समुदायका विद्यार्थीलाई तोकिए वमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

## ५२. शुल्क सम्बन्धी व्यवस्था :-

(१) नेपाल सरकारले र स्थानीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शूल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शूल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाका आधारमा दिइने छ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शूल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**स्पष्टीकरण :** विद्यालयले नियमित पठनपाठनमा भन्दा अन्य समयमा अतिरिक्त कक्षा, आवासीय व्यबस्था समेतका लागि विद्यालय व्यस्थापन समितिको सिफारिस सहित नगर शिक्षा समितिबाट स्वीकृति लिइ अत्यावश्यक शुल्क लिनको लागि यस दफाको व्यवस्थाले बाधा पर्ने छैन ।

## ५३. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जनुसकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालययलाई दिइने अन्य छुट र सुविधा तोकिए वमोजिम हुनेछ ।

# परिच्छेद : १०

## विविध

**५४. उप-महानगरपालिकाले निर्देशन दिन सक्ने :-**

(१) उप-महानगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) वमोजिम दिइएको निर्देशनको पालना गुर्न विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**५५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन**

(१) कसैले पनि यस ऐन वमोजिम उप-महानगरपालिकाको अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको सञ्चालन गर्न पाउने छैन।

(२) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके वमोजिम हुनेछ।

**५६. प्रगति विवरण बुझाउन पर्ने :-** (१) सामुदायिक विद्यालयहरुले आफ्नो प्रगति प्रतिवेदन तीन तीन महिनामा उप-महानगरपालिकामा बुझाउनु पर्नेछ।

(२) संस्थागत विद्यालयले प्रगति विवरण बार्षिक रुपमा उप-महानगरपालिकामा बुझाउनु पर्नेछ।

**५७. शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने :-** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन।

**५८. नगर शिक्षा कोष :**

(१) उप-महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालहरुमा शैक्षिक गुणस्तर सुधारका लागि एउटा नगर शिक्षा कोष स्थापना गर्न सकिने छ।

(२) कोषमा देहाय वमोजिमका रकम रहन सक्नेछ।

(क) नेपाल सरकार, प्रादेशिक सरकारबाट प्राप्त अनुदान,

(ख) शूल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(३) उप-महानगरपालिकाले शैक्षिक कर लगाई वा आन्तरिक आम्दानीबाट नगर कार्यपालिकाको निर्णयानुसार नगर शिक्षा कोषलाई अनुदान दिन सक्नेछ ।

(४) नगर शिक्षा कोषको सन्चालन र व्यवस्थापन कार्यविधि निर्धारण गरे वमोजिम हुनेछ ।

**५९. दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकार वा न्यायिक समितिले बिगो असुल गरी विगो वमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोके वमोजिम सजाय हुनेछ ।

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको पूर्व स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(च) कानून विपरीतको अन्य कार्य गरेमता ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन वमोजिम सजाय गरिनेछ ।

**६०. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

**६१. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले नियम बनाउन सक्नेछ । साथै नगर कार्यपालिकाले आवश्यकतानुसार कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**६२. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगरकार्यपालिकाले व्यवस्थित गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति, शिक्षक व्यवस्थापनको अभिलेखिकरणको कार्य नगरकार्यपालिकाले गर्नेछ ।

**६३. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्यवयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर यस्तो आदेश नगरसभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६४. बचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।